**Volume 04, Issue 02, 2025. pp. 97–102**
Research Article
DOI: https://doi.org/10.62078/grks.2025.v04i02.009

GS WOW
Wisdom of Worthy Research Journal

# ऋतुविचार खण्डकाव्यमा नेपाली समाज र प्रकृतिको प्रतिविम्ब

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस

**Article Info**

***Article History***
Received: 2025 September 10
Accepted: 2025, December 16

***Email***
joshihema262@gmail.com

***Cite***
Joshi, H. (2025). ऋतुविचार खण्डकाव्यमा नेपाली समाज र प्रकृतिको प्रतिविम्ब. *GS WOW: Wisdom of Worthy Research Journal*, *4*(2), 97–102. https://doi.org/10.62078/grks.2025.v04i02.009

**Abstract**

प्रस्तुत लेखमा ऋतुविचार खण्डकाव्यमा नेपाली समाज र प्रकृतिको प्रतिविम्ब शीर्षकमा आधारित रहेर त्यसको व्याख्या, वर्णन र विश्लेषण गरिएको छ । गुणात्मक ढाँचामा संरचित यस लेखमा सामग्री सङ्कलन, पुस्तकालय अध्ययन र सामग्रीको विश्लेषण वर्णनात्मक विधिबाट गरिएको छ। यस लेखमा ऋतुविचार खण्डकाव्यमा नेपाली समाज र प्रकृतिको प्रतिविम्बका विभिन्न पक्षहरुको विश्लेषण गर्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ। ऋतुविचार खण्डकाव्य नेपाली साहित्यमा प्रकृति र समाजको घनिष्ठ सम्बन्धलाई कलात्मक ढङ्गले प्रस्तुत गर्ने महत्त्वपूर्ण कृति हो। यस काव्यमा विभिन्न ऋतुहरूको जीवन्त चित्रणमार्फत नेपाली समाजको दैनन्दिन जीवन, संस्कार, संस्कृतिका आयाम र प्रकृतिसँगको अन्तरसम्बन्ध प्रकट गरिएको छ । लेखकले वर्षभरि आउने ऋतु परिवर्तनलाई केवल प्राकृतिक दृश्यको वर्णनमा सीमित नराखी त्यसले समाजमा पार्ने प्रभाव, जनजीवनमा ल्याउने उतारचढाव र सांस्कृतिक अभ्याससँग गाँसेका छन् । आलेखमा कृषकको श्रम, पर्व–उत्सवको उल्लास, प्रकृतिको सुन्दरता र जीवन दर्शनको अभिव्यक्ति पाइन्छ। यसरी ऋतुविचारले नेपाली समाजको सांस्कृतिक चेतना र जीवनशैलीलाई प्रकृतिको गतिशील रूपसँग जोडेर प्रस्तुत गर्ने विशिष्ट योगदान गरेको देखिन्छ। ऋतुविचार खण्डकाव्यको सांस्कृतिक कोण, धार्मिक कोण, आर्थिक कोणको बारेमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

*मुख्य शब्दावली* : ऋतु, सौन्दर्य, प्रकृति, समाज, सांस्कृतिक चेतना

## विषय प्रवेश

लेखनाथ पौड्याल (वि.सं. १९४१ –२०२२) आधुनिक नेपाली कविताका प्रवर्तक हुन्। नेपाली कविताका क्षेत्रमा मोतीराम भट्टले सुरुवात गरेको शृङ्गारिककालीन प्रवृत्तिलाई त्याग्दै प्राकृतिक सौन्दर्य, सामाजिक र नैतिक मूल्य मान्यतातर्फ नेपाली कवितालाई डोऱ्याउने काम पौड्यालको 'ऋतुविचार' (१९७३) बाट भएको हो। त्यसैले ऋतुविचारबाट नेपाली साहित्यको कविता विधा आधुनिकतामा प्रवेश गरेको हो र 'ऋतुविचार' का स्रष्टा लेखनाथ पौड्याल आधुनिक नेपाली कविताका सूत्रधार हुन् । पौड्याल परिष्कारवादी धाराका सशक्त कवि हुन्। त्यसैले उनका कविताको शैली प्रवाहमय नभई संयमित र अनुशासित रहेको पाइन्छ। नेपाली साहित्यको विकासक्रममा खण्डकाव्य एक महत्त्वपूर्ण विधा मानिन्छ । खण्डकाव्यले लामो आख्यानात्मक स्वरूप अङ्गीकार गरी एक विशेष विषय वा प्रसङ्गलाई गहिराइपूर्वक प्रस्तुत गर्ने परम्परा बोकेको हुन्छ । यस सन्दर्भमा ऋतुविचार खण्डकाव्य नेपाली साहित्यमा एउटा अद्वितीय योगदानका रूपमा स्थापित छ । यस काव्यमा

cc BY NC

Copyright (c) 2025: Author(s). Published by Gaurishankar Campus

कविले प्रकृतिका विभिन्न रूप, ऋतु परिवर्तनका आयाम र नेपाली समाजको जीवनशैलीलाई कलात्मक ढङ्गले चित्रण गरेका छन् । ऋतु परिवर्तनसँगै मानिसको दैनन्दिन जीवन, संस्कार, पर्व–उत्सव र श्रम–जीवनमा आउने उतारचढावलाई चित्रण गर्दै कविले समाज र प्रकृतिबीचको अन्तर्सम्बन्धलाई सजीव रूपमा प्रस्तुत गरेका छन् ।

नेपाली समाज प्रकृतिसँग घनिष्ठ रूपमा गाँसिएको समाज हो । यहाँको अर्थतन्त्र, संस्कृति र जनजीवन सबै प्रकृतिमा निर्भर रहन्छ । वसन्तको हर्षोल्लास, वर्षाको कृषकजीवन, शरदको सौन्दर्य वा हिउँदको कठोरता—यी सबैले नेपाली समाजको सोच, बानी, संस्कार र जीवनशैलीलाई प्रत्यक्ष रूपमा प्रभावित गर्दछन् । ऋतुविचार खण्डकाव्यमा यी ऋतुहरूको वर्णन मात्र नभई तिनले समाजमा ल्याउने चेतना, उत्साह, दुःख वा कठिनाइलाई समेत कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यसरी, कविले प्रकृतिलाई केवल बाहिरी दृश्यको रूपमा नदेखी समाज र जीवनसँग गाँसेर चित्रण गरेका छन्, जसले काव्यलाई यथार्थपरक र सजीव बनाएको छ । यस खण्डकाव्यमा प्रकृति र समाजबीचको सम्बन्धलाई काव्यात्मक ढङ्गले समेट्दा नेपाली जनजीवनको वास्तविकता झल्किन्छ । कृषकले खेतबारीमा गरेको श्रम, पर्व–उत्सवमा समुदायको सहभागिता, ऋतु अनुसार हुने जीवनशैलीका परिवर्तनहरू— यी सबैले नेपाली समाजको आधारभूत स्वरूपलाई चित्रण गरेका छन् । उदाहरणका लागि, वर्षा ऋतुमा कृषकको श्रमलाई प्रशस्त स्थान दिइएको छ भने शरद ऋतुमा चाँदनी रात, सुनौलो धानबाली र उत्सवको उल्लासलाई देखाइएको छ। यसले नेपाली समाज प्रकृतिसँग कत्तिको घनिष्ठ रूपमा गाँसिएको छ भन्ने स्पष्ट पार्छ।

यसैगरी, ऋतुविचारले प्रकृति र समाजलाई केवल बाहिरी सम्बन्धको रूपमा मात्र नभई सांस्कृतिक चेतनासँग पनि जोड्छ । नेपाली समाजका संस्कार, पर्व र जीवन–दर्शन ऋतु परिवर्तनसँग सधैं जोडिएका हुन्छन् । तिहारमा दियो बाल्नु, छठमा सूर्य पूज्नु वा माघमा माघे सङ्क्रान्ति मनाउनु—यी सबै प्रकृति र समाजबीचको अन्तरसम्बन्धका अभिव्यक्ति हुन् । कविले यस्ता सांस्कृतिक अभ्यासलाई काव्यमा उल्लेख गरेर समाज र प्रकृतिको सह–अस्तित्वलाई उजागर गरेका छन् । यसरी हेर्दा, ऋतुविचार खण्डकाव्य नेपाली समाज र प्रकृतिको प्रतिविम्ब हो । यसले ऋतुचित्रणमार्फत नेपाली जनजीवनलाई प्रष्ट्याउने मात्र होइन, समाजको सांस्कृतिक, आर्थिक र आध्यात्मिक आयामलाई समेत उजागर गरेको छ । प्रकृति र समाजको यस्तो कलात्मक संयोजनले खण्डकाव्यलाई केवल साहित्यिक दृष्टिकोणले मात्र नभई सांस्कृतिक दस्तावेजका रूपमा पनि महत्त्वपूर्ण बनाएको छ।

## समस्याकथन र उद्देश्य

प्रस्तुत अध्ययन ऋतुविचार खण्डकाव्यमा नेपाली समाज र प्रकृतिको प्रतिविम्ब को विश्लेषण गर्ने प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । यस समस्यासँग सम्बन्धित सोध्य प्रश्न निम्न अनुसार छन् ।

क) ऋतुविचार खण्डकाव्यमा नेपाली समाज र प्रकृतिको प्रतिविम्ब कस्तो रहेको छ ?

ख) ऋतुविचार खण्डकाव्यमा नेपाली समाज र प्रकृतिको प्रतिविम्बले सामाजिक, सांस्कृतिक, धार्मिक र आर्थिक कोणमा कसरी प्रभाव पारेको छ ?

उपर्युक्त शोध्य प्रश्नको प्राज्ञिक अध्ययन गर्नु नै यस लेखको मूल उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत लेखमा पुस्तकालयीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतहरुबाट सामग्री सङ्कलन गरिएको छ। गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरुबाट तथ्यहरुको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ । अभिलेख सामग्रीहरुमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, समीक्षात्मक तथा अनुसन्धानत्मक लेखहरु संलग्न छन् । यिनै सामग्रीको विश्लेषणबाट निष्कर्ष निकालिएको छ।

### सामाजिक कोण

नेपाली समाज र प्रकृतिको सम्बन्धलाई बुझ्न ऋतुविचार खण्डकाव्य एउटा महत्त्वपूर्ण साहित्यिक कृति हो। यस काव्यमा कविले नेपाली समाजको जीवनशैलीलाई ऋतुहरूको चक्रसँग गाँसेर प्रस्तुत गरेका छन् । सामाजिक

कोणबाट हेर्दा यस खण्डकाव्यले ऋतु परिवर्तनसँगै समाजमा देखिने व्यवहार, श्रम, उत्सव, संस्कार र जनजीवनको यथार्थलाई सजीव रूपमा चित्रण गरेको छ । नेपालको ग्रामीण समाज मुख्यतः कृषिप्रधान छ । यहाँको दैनिक जीवन खेतीपातीमा निर्भर छ, र खेतीपाती भनेको वर्षा र ऋतुमा आधारित हुन्छ । उदाहरणका लागि, वसन्त ऋतु समाजमा उल्लास र नवजीवनको प्रतीक हो । वसन्तमा मानिसहरूको मनस्थिति पनि हर्षोल्लासपूर्ण हुन्छ । फूल फुल्ने, नयाँ पालुवा उम्रने र वनजंगल हरियो हुने दृश्यसँगै समाजमा पनि नवीन उत्साह र सिर्जनात्मकता जागृत हुन्छ । वसन्तमा मनाइने होली पर्वले समाजलाई रंगीन बनाउँछ र समुदायबीच आपसी सद्भाव बढाउँछ । यसरी, ऋतु परिवर्तनले सामाजिक सम्बन्धलाई सशक्त पार्ने काम गरेको देखिन्छ । वर्षा ऋतुमा समाज रोपाइँको उत्साहले भरिएको हुन्छ । खेतमा रोपाइँ गर्ने क्रममा महिलाहरूले रोपाइँ गीत गाउने, सामूहिक श्रम गर्ने र रमाइलो गर्ने परम्परा यस समाजको विशेषता हो । यो केवल कृषि कार्य मात्र नभई सामाजिक एकता र सहकार्यको पनि अभिव्यक्ति हो । ऋतुविचार खण्डकाव्यमा यस्ता गतिविधिहरूलाई सौन्दर्यमूलक रूपमा चित्रण गरिएको छ, जसले समाजको सहकार्यशील र श्रमप्रेमी स्वरूपलाई उजागर गर्छ। शरद ऋतु समाजमा उत्सव र सम्पन्नताको प्रतीकका रूपमा आउँछ। यस ऋतुमा धानबाली पाक्ने, चाडपर्व मनाउने, समुदायमा भेटघाट गर्ने वातावरण सिर्जना हुन्छ । दशैं र तिहारजस्ता पर्वहरूले परिवार र समाजलाई एकत्रित गराउँछन् । यसरी, ऋतु परिवर्तनले नेपाली समाजको सामाजिक संरचना र आपसी सम्बन्धलाई सुदृढ बनाउने काम गर्दछ। ऋतुविचार खण्डकाव्यमा यिनै सामाजिक उत्सव र पर्वहरूलाई ऋतु वर्णनसँगै जोडेर प्रस्तुत गरिएको छ।

यस्तै, हिउँद ऋतु समाजका लागि कठिनाइ र चुनौतीको समय हो । चिसो मौसम, कठोर जीवनशैली र कामको सीमित अवसरले ग्रामीण जीवनलाई कठिन बनाउँछ । तर, यस ऋतुमा पनि समाजले विभिन्न संस्कार र पर्वलाई निरन्तरता दिन्छ। माघे सङ्क्रान्ति वा पोष महिनाका सामूहिक गतिविधिहरू समाजमा आपसी मेलमिलाप र सहकार्यलाई निरन्तरता दिने अभ्यास हुन्। ऋतुविचार खण्डकाव्यले हिउँद ऋतुको कठोरता र त्यससँग जुध्ने समाजको सामर्थ्यलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको छ। यसरी हेर्दा, ऋतुविचार खण्डकाव्य सामाजिक कोणबाट केवल ऋतुहरूको वर्णन मात्र होइन, समाजको जीवनयात्रा, श्रम संस्कार, पर्व–उत्सव र आपसी सम्बन्धको जटिल तर सजीव चित्रण हो। यसले देखाउँछ कि नेपाली समाज प्रकृतिसँग मात्र निर्भर छैन, बरु प्रकृतिसँगको सामञ्जस्यतामा आफ्नो सामाजिक संरचना निर्माण गरेको छ। ऋतु परिवर्तनले समाजलाई परिश्रमी, सहकार्यशील र सांस्कृतिक चेतनायुक्त बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

## सांस्कृतिक कोण

ऋतुविचार खण्डकाव्य केवल ऋतुहरूको बाह्य चित्रणमा सीमित छैन, यसले नेपाली समाजको सांस्कृतिक जीवनशैली र चेतनालाई पनि प्रष्ट्याउने काम गरेको छ। सांस्कृतिक कोणबाट यस काव्यलाई अध्ययन गर्दा प्रकृति र संस्कृतिको घनिष्ठ सम्बन्ध देखिन्छ। नेपाली संस्कृतिका धेरै अभ्यासहरू ऋतु परिवर्तनसँग प्रत्यक्ष रूपमा जोडिएका छन् र कविले यसलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । नेपालको सांस्कृतिक जीवन पर्व–उत्सवमा आधारित छ। यी पर्वहरू प्रायः ऋतु परिवर्तनसँगै मनाइन्छन्। उदाहरणका लागि, वर्षा ऋतुमा नागपञ्चमी र जनैपूर्णिमा, शरद ऋतुमा दशैं र तिहार, वसन्त ऋतुमा फागु (होली), र शिशिर ऋतुमा माघे सङ्क्रान्ति मनाइन्छन्। यी पर्वहरूले केवल धार्मिक पक्ष मात्र नभई सामाजिक एकता, मेलमिलाप र सांस्कृतिक निरन्तरताको पनि अभिव्यक्ति गर्छन्। ऋतुविचार खण्डकाव्यमा यिनै पर्व–उत्सवलाई ऋतु वर्णनसँग जोडेर चित्रण गरिएको छ, जसले नेपाली जीवन संस्कृतिको मौलिकता देखाउँछ । सांस्कृतिक कोणबाट हेर्दा, कृषक जीवनसँग सम्बन्धित संस्कार र गतिविधिहरूलाई पनि काव्यमा महत्त्व दिइएको छ। धान रोप्ने, धान भित्र्याउने, गहुँ काट्ने, मकै भित्र्याउनेजस्ता कार्यहरू केवल कृषि गतिविधि मात्र नभई संस्कृतिको अंग बनेका छन्। रोपाइँमा गाइने गीत, चाडपर्वमा खेलिने देउसी–भैलो वा होलीमा हालिने रङ—यी सबै नेपाली संस्कृतिको मौलिक स्वरूप हुन् । कविले यिनलाई प्रकृतिको चक्रसँग बाँधेर चित्रण गरेका छन्।

सांस्कृतिक दृष्टिले नेपाली समाज प्रकृतिप्रति आस्था र श्रद्धाले भरिएको छ। सूर्य, चन्द्र, नदी, वनस्पति र जनावरलाई देवत्वको रूपमा मान्ने परम्परा यस समाजमा गहिरो छ । ऋतु परिवर्तनसँगै हुने पूजा–पाठ, व्रत–उपवास र संस्कार हरूले यस आस्थालाई निरन्तरता दिएका छन्। उदाहरणका लागि, वर्षा ऋतुमा वर्षा देवताको प्रार्थना गर्ने, शरद ऋतुमा देवी पूजा गर्ने वा हिउँदमा माघे सङ्क्रान्तिमा तिल, घिउ र चाकुको सेवन गर्ने सांस्कृतिक परम्पराले समाजको जीवन दर्शनलाई उजागर गर्छ । ऋतुविचार खण्डकाव्यमा यी सांस्कृतिक पक्षहरूलाई सौन्दर्यमूलक ढङ्गले प्रस्तुत गरिएको छ। नेपाली संस्कृति सामूहिक जीवनमा आधारित छ । ऋतु अनुसार मनाइने पर्व–उत्सवले समाजलाई एकजुट गराउँछ र आपसी सद्भावलाई बढाउँछ । फागु खेल्दा समुदाय रङ्गमा रंगिन्छ, दशैंमा परिवार एकै ठाउँमा भेला हुन्छ, तिहारमा दाजुभाइबीचको स्नेह प्रकट हुन्छ— यी सबै सांस्कृतिक अभ्यासहरूले समाजलाई आत्मीयता र सहयोगमा जोड्छन् । कविले ऋतु र संस्कृतिको संयोजनमार्फत समाजको सामूहिक जीवनशैलीलाई प्रस्तुत गरेका छन्। यसरी, ऋतुविचार खण्डकाव्यको सांस्कृतिक कोणले देखाउँछ कि नेपाली संस्कृतिको मूल आधार प्रकृति र ऋतु परिवर्तनमै निहित छ। ऋतु परिवर्तनले संस्कृतिलाई निरन्तरता दिने, नयाँपन थप्ने र सामूहिक जीवनलाई सशक्त बनाउने काम गरेको छ। यसैले, यस काव्यलाई नेपाली समाज र संस्कृतिको दर्पणका रूपमा लिन सकिन्छ।

## धार्मिक कोण

नेपाली समाज धार्मिक भावनाले ओतप्रोत समाज हो । यहाँको दैनन्दिन जीवन, संस्कार र आचरण धर्मसँग जोडिएको हुन्छ। धर्म भनेको केवल पूजा–पाठ वा अनुष्ठान मात्र नभई समाजलाई बाँध्ने विश्वास र आस्थाको शक्ति हो । यो आस्था प्रकृतिप्रतिको श्रद्धामा आधारित छ, र ऋतु परिवर्तनसँगै यसले विभिन्न रूप लिन्छ। ऋतुविचार खण्डकाव्यमा कविले ऋतुहरूको वर्णन गर्दा धार्मिक परम्परा, विश्वास र आस्थालाई सजीव रूपमा चित्रण गरेका छन्, जसले काव्यलाई धार्मिक कोणबाट पनि महत्त्वपूर्ण बनाएको छ । नेपालको धार्मिक संस्कृतिमा प्रकृतिलाई देवत्वको रूपमा लिने प्राचीन परम्परा छ । सूर्य, चन्द्र, आकाश, पानी, वनस्पति, जनावर र पर्वत— यी सबैलाई दैवी शक्तिको रूपमा पूजा गर्ने परम्परा हाम्रो समाजमा पाइन्छ । ऋतु परिवर्तनसँगै हुने धार्मिक गतिविधिहरू यसैको प्रतिफल हुन्। उदाहरणका लागि, वर्षा ऋतुमा नागपञ्चमी, जसमा नागलाई वर्षा देवता मानिन्छ, वा जनैपूर्णिमा, जसमा रक्षाबन्धन गरी धार्मिक सम्बन्धलाई बलियो बनाइन्छ। यिनै धार्मिक संस्कारहरूले मानिसलाई प्रकृतिसँग नजिक बनाउँछन् । शरद ऋतु धार्मिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यसै ऋतुमा मनाइने दशैं देवी शक्तिप्रति श्रद्धा र विजयको प्रतीक हो । नेपाली समाजले देवी दुर्गाको पूजामार्फत दुष्ट शक्तिमाथि विजयको सन्देश ग्रहण गर्छ । यसै गरी तिहारमा लक्ष्मीपूजा, गोपूजा, दियो बाल्ने परम्पराले उज्यालो, धन–धान्य र समृद्धिप्रति श्रद्धा व्यक्त गर्दछ । यी धार्मिक अभ्यासहरू ऋतु परिवर्तनसँगै समाजलाई आस्था र विश्वासमा एकताबद्ध गराउने सांस्कृतिक शक्ति हुन्।

वसन्त ऋतु पनि धार्मिक दृष्टिले महत्त्वपूर्ण छ । यसमा मनाइने फागु (होली) लाई केवल रमाइलो पर्व मात्र नभई धार्मिक र पौराणिक घटनासँग सम्बन्धित मानिन्छ। प्रह्लादको कथासँग जोडिएको यस पर्वले सत्यको विजय र भक्तिप्रति श्रद्धा प्रकट गर्दछ । वसन्तको आगमनसँगै हुने देवी पूजा, विशेष गरी सरस्वती पूजा, धार्मिक दृष्टिले ज्ञान र शिक्षाप्रतिको आस्थाको प्रतीक हो । यसरी, वसन्त ऋतु धार्मिक–सांस्कृतिक अभ्यासले भरिएको छ। शिशिर ऋतुमा पनि धार्मिक अभ्यासहरू निरन्तर रहन्छन् । यस ऋतुमा मनाइने माघे सङ्क्रान्तिलाई स्वास्थ्य र दीर्घायुको प्रतीक मानिन्छ। यस दिन तिल, घिउ, चाकुजस्ता परिकार खाने धार्मिक परम्पराले शरीरलाई तातो बनाउने मात्र नभई शुभको प्रतीकको रूपमा लिइन्छ । यस्तै, पौष र माघ महिनामा विभिन्न व्रत र उपवास बस्ने परम्परा पनि समाजको धार्मिक जीवनलाई प्रष्ट्याउँछ । यी सबैले देखाउँछन् कि कठोर हिउँदमा पनि नेपाली समाजले धार्मिक आस्थालाई निरन्तरता दिएको छ । धार्मिक कोणबाट हेर्दा, ऋतुविचार खण्डकाव्यले देखाएको मुख्य पक्ष भनेको

प्रकृति र धर्मको अविभाज्य सम्बन्ध हो । ऋतु परिवर्तनसँगै मानिसले आस्था, पूजा–पाठ, पर्व–उत्सवलाई निरन्तरता दिँदै आएको छ। यसले समाजलाई नैतिक बल, सामाजिक एकता र आध्यात्मिक शान्ति दिएको छ। कविले ऋतुहरूको वर्णनलाई धार्मिक अभ्याससँग जोडेर प्रस्तुत गर्दा नेपाली समाजको विश्वास र धार्मिक चेतना स्पष्ट झल्किन्छ । यसरी, ऋतुविचार खण्डकाव्य धार्मिक कोणबाट नेपाली समाजको आध्यात्मिक जीवनको दर्पण हो । यसले प्रकृति र धर्मलाई एकैसाथ प्रस्तुत गर्दै समाजलाई धार्मिक आस्था, श्रद्धा र विश्वासमा एकीकृत बनाएको छ।

**आर्थिक कोण**

ऋतुविचार खण्डकाव्यलाई आर्थिक कोणबाट अध्ययन गर्दा यसले नेपाली समाजको जीवन–यात्रा र जीविकोपार्जनको यथार्थलाई उजागर गरेको देखिन्छ । नेपाली समाज परम्परादेखि नै कृषिप्रधान समाज हो । यहाँको जीवनशैली, संस्कृति, संस्कार र सामाजिक व्यवहार सबैभन्दा बढी कृषिसँग जोडिएको छ। कृषकको श्रम, ऋतु परिवर्तनअनुसारको उत्पादन र त्यसबाट उत्पन्न हुने सामाजिक–आर्थिक जीवनलाई कविले खण्डकाव्यमा सजीव रूपमा चित्रण गरेका छन्। नेपालको ग्रामीण अर्थतन्त्र मुख्यतः वर्षा र ऋतुमा निर्भर रहन्छ। वर्षा ऋतुमा समयमै वर्षा भएन भने कृषकको जीवन संकटमा पर्छ, र राम्रो वर्षा भएमा उत्पादनसमेत राम्रो हुन्छ। यसैले, वर्षा ऋतु केवल प्राकृतिक चक्र मात्र नभई आर्थिक जीवनलाई निर्धारण गर्ने प्रमुख आधार हो । ऋतुविचार खण्डकाव्यमा वर्षा ऋतुको चित्रण गर्दा किसानको श्रम, खेतबारीमा हुने गतिविधि, बिउ छर्ने र रोपाइँ गर्ने अवस्थालाई प्रष्ट्याइएको छ । यसले किसानको श्रम र ऋतुबीचको प्रत्यक्ष सम्बन्धलाई उजागर गरेको छ। शरद ऋतु नेपाली समाजको आर्थिक सम्पन्नताको प्रतीक हो । यस ऋतुमा धानबाली पाक्ने, बाली भित्र्याउने र अन्न–धान भण्डारण गर्ने परम्पराले समाजलाई सम्पन्न र खुसी बनाउँछ। आर्थिक दृष्टिले हेर्दा, धान उत्पादनले मात्र खाद्य सुरक्षा दिन्छ भन्ने होइन, यसले व्यापार र विनिमय प्रणालीलाई पनि सक्रिय बनाउँछ। गाउँघरमा अन्न आदान–प्रदान गर्ने, मेलामहोलमा किनबेच गर्ने प्रचलन शरद ऋतुमा बढी देखिन्छ। कविले यस ऋतुमा समाजलाई हर्षोल्लाससहित आर्थिक स्थायित्वको अवस्थामा चित्रण गरेका छन्। वसन्त ऋतुमा आर्थिक जीवन नयाँ सुरुवातसँग जोडिन्छ । यस समयमा बाली उम्रने, बगैँचा फलफूलले हरियालीमा ढाकिने अवस्था देखिन्छ । वसन्त ऋतुले कृषकलाई भविष्यप्रति आशावादी बनाउँछ । यस ऋतुमा पशुपालन, फलफूल खेती र बगैँचाको उत्पादनले पनि ग्रामीण अर्थतन्त्रलाई योगदान पुर्‍याउँछ। कविले वसन्तको उल्लासलाई केवल सौन्दर्यको दृष्टिले मात्र होइन, जीवनलाई नयाँ सम्भावना दिने ऋतुका रूपमा पनि प्रस्तुत गरेका छन्।

शिशिर ऋतु आर्थिक दृष्टिले चुनौतीपूर्ण हुन्छ। चिसो मौसमले कृषिजन्य उत्पादन कम हुन्छ र श्रमका अवसर घट्छन् । तर, यस ऋतुमा मानिसहरूले सङ्कलन गरेका अन्न, अचार, सुख्खा फलफूल, तरकारी आदि भण्डारणले जीवन धान्छ। यसले देखाउँछ कि नेपाली समाजले ऋतु परिवर्तनअनुसार आफ्नो आर्थिक व्यवस्थापन गर्ने बुद्धिमत्ता विकास गरेको छ । हिउँदमा सीपमूलक कामहरू (जस्तै बुनाइ, कपडा उत्पादन, काठको काम) पनि ग्रामीण अर्थतन्त्रलाई टेवा पुर्‍याउने अभ्यासका रूपमा चित्रण गरिएका छन्। आर्थिक कोणबाट ऋतुविचार खण्डकाव्यले दिएको प्रमुख सन्देश भनेको ऋतु र अर्थतन्त्रबीचको प्रत्यक्ष सम्बन्ध हो। वर्षा र शरद ऋतुमा उत्पादनमा केन्द्रित कृषक जीवन, वसन्तको आशावादी सुरुवात र हिउँदको कठिनाइ— यी सबैले नेपाली समाजको आर्थिक उत्थान वा संकटलाई निर्धारण गर्छन् । यसरी, कविले ऋतुहरूको वर्णनलाई केवल सौन्दर्यात्मक नभई आर्थिक यथार्थसँग जोडेर प्रस्तुत गरेका छन्, जसले समाजको वास्तविक जीवनशैलीलाई प्रष्ट्याउँछ । यसरी, ऋतुविचार खण्डकाव्यले देखाउँछ कि नेपाली समाजमा प्रकृति र ऋतु केवल सौन्दर्यका लागि होइन, बरु जीविकोपार्जन र आर्थिक अस्तित्वका लागि अपरिहार्य आधार हुन्। कृषिप्रधान अर्थतन्त्र, श्रम, उत्पादन र भण्डारण प्रणालीलाई कलात्मक ढङ्गले प्रस्तुत गरेर यो खण्डकाव्य नेपाली समाजको आर्थिक जीवनको ऐना बनेको छ।

## निष्कर्ष

ऋतुविचार खण्डकाव्य नेपाली साहित्यको एउटा महत्त्वपूर्ण काव्यरचना हो, जसले समाज, संस्कृति र प्रकृतिको अन्तरसम्बन्धलाई गहिराइका साथ प्रस्तुत गरेको छ । यस काव्यमा विभिन्न ऋतुहरूको वर्णन मात्र नभई, ती ऋतुसँग सम्बन्धित नेपाली समाजको जीवनशैली, कृषिप्रधान संस्कृतिको स्वरूप, मानिसहरूको विश्वास, आस्था र जीवनयापनका अनेक पक्षहरू प्रस्टसँग देखिन्छन् । यसै कारण यो काव्य साहित्यिक दृष्टिले मात्र होइन, सामाजिक–सांस्कृतिक कागदपत्रको रूपमा पनि महत्त्वपूर्ण ठहरिन्छ । यसमा चित्रित प्रकृति र ऋतुचक्रले नेपाली समाजको मूल जीवनदर्शनलाई उजागर गरेको छ । वसन्तको उल्लास, वर्षाको समृद्धि, शरदको शान्ति, हेमन्त–शिशिरको कठोरता आदिले जीवनका विभिन्न अवस्थाको प्रतीकात्मक प्रस्तुति गरेका छन् । यसले प्रकृतिसँग नेपाली समाजको गहिरो नाता, परम्परागत कृषि प्रणाली र सामूहिक जीवनबोधलाई अभिव्यक्त गरेको छ । यसैगरी, ऋतुविचार खण्डकाव्यले नेपाली समाजलाई आत्मसात् गर्दै, प्राकृतिक सौन्दर्यसँग जोडेर साहित्यिक अनुभूति सिर्जना गरेको छ । यसले प्रकृतिप्रति कृतज्ञता, समाजप्रति आत्मीयता र जीवनप्रति यथार्थ बोध उत्पन्न गराउँछ । त्यसैले, यो काव्य नेपाली साहित्यमा प्रकृति–समाज–संस्कृतिको सन्तुलित प्रतिविम्बका रूपमा विशेष महत्त्व राख्छ ।

## सन्दर्भ सामग्रीहरू


अवस्थी, महादेव(२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* इन्टेलेक्युअल बुक प्यालेस ।

उपाध्याय, केशवप्रसाद, (२०५०), *विचार र व्याख्या,* साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९), *मन्थन,* साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०५५), *नेपाली समालोचना,* साझा प्रकाशन ।

गैरे, ईश्वरी प्रसाद, (२०६०), *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,* न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

त्रिपाठी, वासुदेव (२०३२), *नेपाली कविताको सिंहावलोकन,* साझा प्रकाश ।

त्रिपाठी, वासुदेव (२०३४), *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन,* पाठ्यक्रम विकास केन्द्र, त्रि. वि ।

पौड्याल, लेखनाथ (२०६६), *ऋतुविचार* (चौविस संस्क.), साझा प्रकाशन